# खप्तड छेडेदह गाउँपालिका

डोगडी, बाजुरा, सूदुरपश्चिम प्रदेश,नेपाल ।

# स्थानीय राजपत्र

**खप्तड छेडेदह गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड: ८ संख्या: २ मिति : असार २६ गते, २०८१ साल**

**भाग-१**

**खप्तड छेडेदह गाउँपालिका**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी खप्तड छेडेदह गाउँपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।**

## खप्तड छेडेदह गाउँपालिकाको

विनियोजन ऐन २०८१

**सम्वत २०८१ सालको ऐन नं २**

गाउँसभाबाट स्वीकृत मिति : २०८१।०३।२६
प्रमाणिकरण मिति : २०८१।०३।२६

CamScanner

**खप्तड छेडेदह गाउँपालिका बाजुराको आर्थिक वर्ष २०८१।८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :** खप्तड छेडेदह गाउँपालिका,बाजुरा आ.व २०८१।८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खप्तड छेडेदह गाउँपालिका बाजुराको गाउँ सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम खप्तड छेडेदह गाउँपालिका,बाजुराको विनियोजन ऐन २०८१ रहेको छ।

(२) यो ऐन २०८१ साल साउन १ गते बाट प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८१।८२ को निमित्त सञ्चित कोष बाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८१।८२ को निमित्त गाउँकार्यपालिका,वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च,पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम ५२,७०,२९,६७२। (अक्षेरुपि बाउन्न करोड सत्तरी लाख उनन्तिस हजार छ सय बहत्तर रुपिया मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :** (१) यस ऐन द्धारा सञ्चित कोष बाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०८१।८२ को निमित्त खप्तड छेडेदह गाउँपालिका बाजुराको गाउँकार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षक बाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरि रकम सार्दा एक शिषृकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन तर चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षक बाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढने गरि कुनै एक वा एकभन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

Scanned with CamScanner
CamScanner

## अनुसुची १
### दफा २ सँग सम्बन्धित
### आ.व २०८१।८२ का लागि आय विवरण

| संघिय सरकार | | प्रदेश सरकार | | गाउँपालिका | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| शिर्षक | रकम रु | शिर्षक | रकम रु | शिर्षक | रकम रु | |
| समानीकरण अनुदान | १०,४४,००,०००। | समानीकरण अनुदान | ९५,८७,००००। | आन्तरिक आम्दानी | ३००००००। | |
| सशर्त अनुदान चालु | २०,६९,८२,०००। | सशर्त अनुदान चालु | ७,६०,०००। | अल्या रकम | ४,८०,३४,६७२ | |
| सशर्त अनुदान पुंजीगत | २,००,००,०००। | सशर्त अनुदान पुँजीगत | २७,००,०००। | | | |
| विशेष अनुदान चालु | ०। | विशेष अनुदान पुँजीगत | ६०,००,०००। | | | |
| विशेष अनुदान पुंजीगत | १,१५,००,०००। | विशेष अनुदान चालु | ० | | | |
| समपुरक अनुदान | ९०,००,०००। | समपुरक अनुदान | १,२९,६६,०००। | | | |
| राजश्व बाँडफाँड | ९,०६,००,०००। | राजश्व बाँडफाँड | १५,००,०००। | | | |
| जम्मा | ४४,२४,८२,०००। | | ३,३५,१३,०००। | | ५,१०,३४,६७२। | ५२,७०,२९,६७२। |

### आ.व २०८१।८२ का लागि व्यय विवरण

| शिर्षक | बजेट | शिर्षक | बजेट | शिर्षक | बजेट |
|---|---|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | १७८८१८००० | अन्य सम्पत्तिहरुको सञ्चालन तथा सम्भार खर्च | १००००० | सभा सञ्चालन खर्च | २०००००० |
| पारिश्रमिक पदाधिकारी | ७०००००० | मसलन्द तथा कार्यालय सामाग्री | ७०६०००० | शैक्षिक सँस्थाहरुलाई सहायता | ३९१०४००० |
| पोशाक | ६०००० | पुस्तक तथा सामाग्री खर्च | ६६२१००० | छात्रबृत्ति | २२१४००० |
| औषधी उपचार खर्च | ७३०००० | इन्धन अन्य प्रयोजन | २००००० | उद्धार राहत तथा पुनर्स्थापना खर्च | २७५२६७२ |
| स्थानीय भत्ता | ४१०००० | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | २०००००० | औषधि खरिद खर्च | ३२१३००० |
| फिल्ड भत्ता | ५००००० | सेवा र परामर्श खर्च | ४५००००० | घरभाडा | १०००००० |
| कर्मचारीको बैठक भत्ता | १२००००० | सुचना प्रणाली तथा सफटवेयर सञ्चालन खर्च | १०००००० | आवासीय भवन निर्माण/खरिद | ६७७७०००० |
| कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ९००००० | कर्मचारी तालिम खर्च | ५००००० | जग्गा विकास कार्य | २०००००० |
| अन्य भत्ता | ६०८००० | सिपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १७००००० | सवारी साधन | २०००००० |
| पदाधिकारी अन्य सुविधा | ५००००० | कार्यक्रम खर्च | ६५३५७००० | मेशिनरी तथा औजार | ६०००००० |
| पानी तथा बिजुली | ३००००० | विविध कार्यक्रम खर्च | ७५०००० | फर्निचर तथा फिक्चर्स | १४००००० |
| संचार महशुल | ८००००० | अनुगमन मुल्यांकन खर्च | ९४०००० | अनुसन्धान तथा विकास सम्बन्धी खर्च | २०००००० |
| इन्धन (कार्यालय प्रयोजन) | १३००००० | भ्रमण खर्च | ४०००००० | सडक तथा पुल निर्माण | ४४५०००० |
| बिमा तथा नवीकरण खर्च | ४००००० | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमिण्डलको भ्रमण खर्च | ५००००० | तटबन्धन तथा बाँध निर्माण | ९०००००० |
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १२००००० | विविध खर्च | ६६३९००० | विघुत संरचना निर्माण | ३६९०००० |
| सरसफाई संरचना निर्माण | १८५०००० | अन्य सार्वजनिक निर्माण | ६५५३३००० | सिँचाई संरचना निर्माण | ३१४०००० |
| खानेपानी संरचना निर्माण | ११३२०००० | | | | |
| **कुल जम्मा** | ५२,७०,२९,६७२। | | | | |

आज्ञाले
नन्दकृष्ण पाध्याय
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner